**मिति २०७६ असाढ १६ गते बसेको नगरसभाको बन्दसत्रबाट देहाय बमोजिमका प्रस्ताव पारित गर्ने निर्णय गरियो ।**

**प्रस्तावहरुः**

१. परिवहन भत्ता सम्बन्धमा ।
२. प्रोत्साहन भत्ता सम्बन्धमा ।
३. करारका स्वास्थ्यकर्मी र का.स.हरुको पारिश्रमिक सम्बन्धमा ।
४. कन्टेन्जेन्सी सम्बन्धमा ।
५. लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
६. कूचीकारको पारिश्रमिक सम्बन्धमा ।
७. गोदावरी नगरपालिकाका कर्मचारीहरुको आ.व. २०७६/७७ को प्रस्तावित तलबी प्रतिवेदन सम्बन्धमा ।
८. विविध प्रतिवेदन सम्बन्धमा ।

**निर्णयहरू :**

**निर्णय नं.१ :** जनप्रतिनिधी र कर्मचारीहरुलाई २०७६ श्रावण १ गते देखि लागू हुने गरी देहाय बमोजिम परिवहन भत्ता मासिक रुपमा दिन कार्यपालिका बैठकबाट पेश भए बमोजिम संसोधन सहित तपशिल बमोजिमको परिवहन भत्ता दिने निर्णय गरियो ।

क. वडाध्यक्ष रु. ३,०००/- (अक्षरुपी रु. तिन हजार)
ख. कार्यपालिका सदस्य रु. २,५००/-(अक्षरुपी रु. दुई हजार पाँच सय)
ग. वडासदस्य रु. २,०००/- (अक्षरुपी रु. दुई हजार)
घ. कर्मचारी (अप्राविधिक तर्फ) रु. २,०००/- (अक्षरुपी रु. दुई हजार)
ङ. कर्मचारी (प्राविधिक तर्फ) रु. ३,०००/- (अक्षरुपी रु. तिन हजार)

**निर्णय नं. २ :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार कर्मचारीहरुलाई प्रोत्साहन गर्न २०७६/०४/०१ गते देखि लागू हुने गरी १५ प्रतिशत प्रोत्साहन भत्ता दिने निर्णय गरियो ।

**निर्णय नं. ३ :** स्वास्थ्य तर्फका करार सेवामा कार्यरत अ.हे.व., अ.न.मी. र का.स.हरुको पारिश्रमिक ज्यादै न्यून रहेकोले २०७६ श्रावण १ गते देखि अ.हे.व. र अ.न.मी. को मासिक तलब रु. १८,०००/-को दरले र का.स.हरुलाई मासिक तलब रु. १५,०००/- को दरले उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४ :** पाँच लाख भन्दा बढीका आयोजनाहरुमा उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनामा कूल रकमको ३ प्रतिशत र ठेक्काबाट सञ्चालन हुने योजनाको कूल रकमको ५ प्रतिशत रकम कन्टेन्जेन्सी कट्टा गरि खर्च लेख्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** आ.व. २०७४/७५ को अन्तिम लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरिनुका साथै प्रतिवेदनमा औंल्याएका बेरुजुहरुलाई असुलउपर गर्न नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६ :** यस कार्यालयको नियमति सरसफाई गर्दै आईरहेको कूचीकारलाई २०७६ श्रावण १ गते देखि रु. ३,०००/- वृद्धि गरी मासिक तलब रु. १०,०००/- उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं. ७ :** गोदावरी नगरपालिकाका कर्मचारीहरुको आ.व. २०७६/०७७ को प्रस्तावित तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :** संगठन तथा व्यवस्थापन प्रतिवेदन, क्षमता विकास योजना, विपद् नक्सांकन योजना, औद्योगिक सम्भाव्यता अध्ययन प्रतिवेदनहरु नगसभाबाट अनुमोदन गर्ने निर्णय गरीयो । संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदनमा जे.टि.ए. चौथो तह छुट भएकोले सो करार करारमा दरबन्दी रहने गरी थप गर्ने गरी स्वीकृत गरियो ।

**निर्णय नं. ९ :** सबारी चालकहरुलाई मासिक रुपमा खाना खर्च बाफत रु ३५००/- दिने निर्णय गरीयो ।

**निर्णय नं. १०** : अर्को नगरसभाको बन्द सत्र मिति २०७६ असाढ १८ गते विहान ७:०० सोही स्थानमा बस्ने गरी बैठक स्थगित गर्ने निर्णय गरीयो ।